# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, नेपाल

**BHARATPUR METROPOLITAN CITY**

**Office of Municipal Executive**

**Bhratpur, Chitwan, Nepal**

प.सं.

च.नं. ५८४६

मिति : २०७६/१/१६

विषय : सहभागीहरुको नामावली पठाइदिने बारे।

श्री वडा कार्यालय (सबै)

भरतपुर महानगरपालिका, चितवन ।

प्रस्तुत विषयमा नगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७५ को दफा ६ बमोजिम केही वडा बाहेक अधिकांश वडामा वडा स्तरीय विपद् व्यवस्थापन समिति गठनभई सोको जानकारी प्राप्त भएको छ। प्रत्येक वडामा गठित उक्त समितिका तीन जना सदस्यहरुका लागि तपशीलको स्थान मिति र समयमा विपद् संवेदनशिलता सम्बन्धि स्थानीय विपद् तथा जलवायु अनुकुलन योजनाको अवधारणा र प्रक्रिया (Sensitization on LDCRP concept and process) विषयक एक दिवसीय कार्यक्रमको आयोजना गर्न लागिएकोले देहायको मापदण्डको आधारमा सहभागी छनौट गरी पत्र प्रकाशित भएको मितिले तीन दिन भित्र सहभागीहरुको नामावली र सम्पर्क नम्बर यस महानगरपालिकाको विपद् व्यवस्थापन शाखामा पठाइदिनुहुन अनुरोध छ। साथै समिति गठन हुन बाँकी रहेका वडाहरुमा यथाशीघ्र समिति गठन गरी सोको जानकारी र माथि उल्लिखित कार्यक्रमका लागि सहभागीहरु छनौट गरी पठाइदिनुहुन समेत अनुरोध छ ।

तपशीलः

सहभागी छनौटको मापदण्डः

- तीन जना मध्ये एक जना महिला अनिवार्य हुनु पर्नेछ ।
- कर्मचारी मध्येबाट वडा सचिव वा संयोजकले तोकेको एकजना कर्मचारी छनौट गर्न सकिनेछ ।
- सकेसम्म विपद् कार्यमा रुची भएका युवा सदस्यलाई प्राथमिकता दिनु पर्नेछ ।

मिति, समय र स्थानः

- २०७६/०१/२० गते ११बजे (वडा नं ६,१३,१४,१५,१६,२१,२२ र २३ - खगेरी सिँचाई जल उपभोक्ता सँस्थाको सभाहल, शिवनगर)
- २०७६/०१/२१गते ११बजे (वडा नं १,२,३,४,५,७,८,९,१०,११,१२ र २९ - महानगरपालिकाको सभाहल)
- २०७६/०१/२२ गते ११बजे (वडा नं १७,१८,१९,२०,२४,२५,२६,२७ र २८ -चनौली पार्टी प्यालेस, चनौली)

(नेत्रप्रसाद सुवेदी) २०७६/१/१६

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

०५६-५२०१६७, ५२१४६७, ५३००६२, ५२६९५१, ५२२२५२, ५२५७७१ Fax: ०५६-५२००१४

E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np

(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)